'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १७३ सोमवार ०५ फागुन, २०८१ 17 (Monday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## नेपालगन्जमा नवौं लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनी

### १५० भन्दा बढी उद्यमीको सहभागिता

सरला सुवेदी

नेपालगन्ज, फागुन/०४




महिला उद्यमी संघ नेपाल बाँकेले फागुन ६ देखि १० गतेसम्म नेपालगन्जमा 'नवौं लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनी २०८१' आयोजना गर्ने भएको छ । नेपालगन्जस्थित बागेश्वरी मन्दिर पूर्वमा रहेको पार्कमा सञ्चालन गरिने प्रदर्शनीबारे आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । प्रदर्शनी महिला उद्यमी संघ बाँके र नेपालगन्ज उपमहानगर पालिकाको सहकार्यमा आयोजना गरिँदैछ । संघकी अध्यक्ष साबित्रा बस्नेतका अनुसार नवौं संस्करणलाई थप प्रभावकारी बनाउन नयाँ कार्यक्रमहरू थपिएको छ । "यो प्रदर्शनी महिला उद्यमीहरूको उत्पादन, सीप, तथा नव प्रवर्तनलाई प्रवर्द्धन गर्ने मुख्य थलो हुनेछ," उहाँले बताउनुभयो । प्रदर्शनीमा बाँके, बर्दिया, सुर्खेत, दाङ, प्युठान, रोल्पा, पूर्व रुकुम, सल्यान लगायतका जिल्लाका महिला उद्यमीहरूले भाग लिनेछन् । करिब ६० वटा स्टल रहने प्रदर्शनीमा १५० भन्दा बढी महिला उद्यमीहरूले आफ्ना उत्पादनहरू प्रदर्शन तथा बिक्री गर्नेछन् । संघकी प्रथम उपाध्यक्ष एवम् कार्यक्रम संयोजक रेवती सिंहका अनुसार प्रदर्शनीमा तीन फरक विशेष कार्यक्रम समावेश गरिएको छ। फागुन ७ गते - महिला उद्यमी उत्प्रेरणा कार्यक्रम, जसमा महिला उद्यमशीलताको सम्भावना र चुनौतीबारे विज्ञहरूसँग छलफल गरिनेछ । फागुन ८ गते - युवा उद्यमशीलता र स्वरोजगार उत्प्रेरणा कार्यक्रम र फागुन ९ गते -सफल महिला उद्यमीहरूको अनुभव आदानप्रदान तथा सम्मान कार्यक्रम राखिएको छ । नेपालगन्जको परम्परागत तथा रैथाने परिकारहरू प्रवर्द्धन गर्न विशेष स्टलहरू राखिनेछ । नेपालगन्जका विभिन्न समुदायका महिलाहरूले बनाएका स्थानीय परिकारहरू बिक्रीका लागि राखिनेछन् । प्रदर्शनी स्थलमा मस्यौरा, अल्लो र बेतबाट बनेका सामान, खुकुरी, भाङ, स्थानीय बेसार, अचार, मह, हस्तकलाका सामग्री, तोरीको तेल, अण्डा, ह्याण्ड मेड जुत्ता, ढाकाको कपडा, काँसका सामान लगायतका स्थानीय उत्पादनहरू रहनेछन् । संघकी अध्यक्ष बस्नेतका अनुसार प्रदर्शनीले महिला उद्यमशीलता प्रवर्द्धन गर्दै स्वदेशी उत्पादनको बजार विस्तार गर्न योगदान दिनेछ। उहाँले भन्नुभयो, "स्थानीय उत्पादनलाई बजार जोड्ने प्रयासस्वरूप यो प्रदर्शनी आयोजना गरिएको हो । यसले महिला उद्यमीहरूलाई थप आत्मनिर्भर बन्न प्रेरित गर्नेछ ।" प्रदर्शनीबाट स्थानीय उत्पादन र महिला उद्यमशीलताको प्रवर्द्धन हुने विश्वास गरिएको छ । आयोजकहरूले प्रदर्शनीमा सबैलाई सहभागी भई महिला उद्यमशीलतालाई हौसला प्रदान गर्न आह्वान गरेका छन् ।

## कार्यसम्पादन मूल्यांकनमा राप्ती सोनारी गाउँपालिका बाँकेमा पहिलो

नमस्ते समचारदाता

बाँके, फागुन/०४




राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकनमा बाँके जिल्लामा राप्ती सोनारी गाउँपालिकाले पहिलो स्थान हासिल गर्न सफल भएको छ । जिल्लाका आठ स्थानीय तहमध्ये राप्ती सोनारीले सर्वाधिक अंक प्राप्त गरी उत्कृष्ट स्थान हासिल गरेको हो । आयोगका अनुसार, मूल्यांकनमा राप्तीसोनारी गाउँपालिकाले सबैभन्दा बढी ६० अंक हासिल गरेको छ । त्यस्तै, मूल्यांकनमा दोस्रो भएको स्थानीय तह बैजनाथ गाउँपालिकाले ५९.३ अंक प्राप्त गरेको छरु । सोही प्रकारले, खजुरा गाउँपालिकाले ५८ अंक, डुडुवा गाउँपालिकाले ५१.५ अंक, नरैनापुर गाउँपालिकाले ४८.७ अंक, नेपालगन्ज नगरपालिकाले ४६.९ अंक, जानकी गाउँपालिकाले ४३.६ अंक र कोहलपुर नगरपालिकाले ३५.२ अंक प्राप्त गरेका छन् । राप्ती सोनारी गाउँपालिकाका सूचना प्रविधि अधिकृत जनार्दन पौडेलका अनुसार नेपाल सरकारले प्रदान गर्ने चार विधाको मूल्यांकनमध्ये लिजा, फ्रा, लिड र वित्त आयोगबाट हुने मूल्यांकनमा राप्तीसोनारीले जिल्लामा पहिलो स्थान हासिल गरेको हो । गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले जिल्लामा पहिलो स्थान हासिल गर्नु गौरवको कुरा भएको जनाउँदै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकनमा राप्तीसोनारी जिल्लामै प्रथम भएकोमा गर्व महसुस भएको बताउनुभयो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकनमा बाँकेको कोहलपुर नगरपालिकाले भने सबैभन्दा कम अंक प्राप्त गरेको छ । प्राप्त अंक चित्त नबुझे सात दिनभित्र आवश्यक आधार र प्रमाणसहित पुनरावलोकनका लागि उजुरी दिन सकिने आयोगले जनाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

## महाकुम्भ मेलातर्फ नेपालीको घुइँचो

## बाँकेको सीमानाकामा थामिनसक्नु भिड

सरला सुवेदी

बाँके, फागुन/०४



पश्चिम नेपालको प्रमुख नाका मानिने जमुनाहाबाट भारतको उत्तरप्रदेशस्थित प्रयागराजमा जारी महाकुम्भ मेलामा जाने नेपाली श्रद्धालुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । पुस २९ बाट सुरु भई फागुन १४ सम्म सञ्चालन हुने यस धार्मिक मेलामा जमुनाहा नाकाबाट मात्र दैनिक पाँच हजारभन्दा बढी हिन्दु धर्मावलम्बी गङ्गा स्नानका लागि गइरहेका छन् । गङ्गा, यमुना र सरस्वती नदीको सङ्गमस्थलमा स्नान गर्दा पापको प्रायश्चित्त भई पुण्य प्राप्ति हुने र मृत्युपछि मोक्ष प्राप्त हुने धार्मिक मान्यताले नेपाली श्रद्धालुहरू यस अवसरलाई महत्वपूर्ण अवसरका रूपमा लिएका छन् । इलाका प्रहरी कार्यालय जमुनाहाका प्रहरी निरीक्षक उपेन्द्र बुढाथोकीका अनुसार पछिल्ला केही दिनयता नाकामा भीड बढ्दै गएपछि सुरक्षा व्यवस्थालाई थप कडा पारिएको छ । नेपालगन्ज-८ का अरुण श्रेष्ठका अनुसार १४४ वर्षपछि लाग्ने महाकुम्भ मेलालाई जीवनकै अनुपम अवसरका रूपमा लिई आफूले गङ्गा स्नान गरिसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "यति ठूलो धार्मिक मेला फेरि जीवनभर नआउन सक्छ। त्यसैले कुनै पनि बहाना नबनाई यहाँ आइपुगें । धेरै नेपाली दाजुभाइ र दिदीबहिनीहरूसँग भेट हुँदा झन् गर्व लाग्यो।" त्यस्तै, दाङका ६५ वर्षीय तीर्थयात्री हरि बहादुर केसी पनि लामो यात्रा तय गर्दै महाकुम्भ मेलामा सहभागी हुन पुग्नुभएको छ। उहाँले भन्नुभयो, "भीड कति नै भए पनि यस्तो अवसर गुमाउनु भएन । जीवनमा एकचोटि मात्र आउने महाकुम्भ आफैँले हेर्ने र स्नान गर्ने चाहना पूरा भयो।" भारतको प्रयागराजमा चार वर्षको अन्तरालमा अर्धकुम्भ मेला लाग्ने भए पनि महाकुम्भ प्रत्येक १४४ वर्षमा मात्र लाग्ने हुनाले यस पटक मेलामा भीड अत्यधिक रहेको छ । नेपालका विभिन्न जिल्लाबाट तीर्थयात्रीहरू लामो यात्रा गरेर प्रयागराज पुगेका छन् । कोही व्यक्तिगत रूपमा त कोही समूह बनाएर बस, जीप, मोटरसाइकल तथा रेलबाट यात्रा गरिरहेका छन्। महाकुम्भ मेलाको धार्मिक महत्व मात्र नभएर सांस्कृतिक पक्ष पनि भएकाले नेपालबाट जाने तीर्थयात्रीहरूले भारतीय धर्मगुरुहरूसँग धार्मिक संवाद गर्ने, विभिन्न आश्रम तथा शिविरमा बसेर प्रवचन सुन्ने, भजन-कीर्तनमा सहभागी हुने र भारतीय धार्मिक परम्पराको नजिकबाट अनुभव गर्ने अवसर समेत पाइरहेका छन् । प्रहरी प्रशासनले यात्रुहरूको सुरक्षाका लागि सिमा क्षेत्रमा कडाइ गरेको छ भने स्थानीय व्यवसायीहरू पनि मेलामा जाने श्रद्धालुहरूको सेवा तथा सहयोगमा जुटेका छन् ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## छात्रवृत्तिमा राज्यको लगानी

व्यक्तिलाई सक्षम बनाउन शिक्षा चाहिन्छ। आमाको काख कुनै पनि शिशुको पहिलो पाठशाला हो। आमाको काखसँगै परिवार र समाजले पनि उसलाई शिक्षा दिइरहेको हुन्छ। यी अनौपचारिक शिक्षाका माध्यम हुन्। अनौपचारिक शिक्षाले मात्र व्यक्तिमा ज्ञान, सिप र क्षमताको विकास हुँदैन । त्यसका निम्ति औपचारिक शिक्षा चाहिन्छ। आधुनिक विकासले औपचारिक शिक्षाको अवधारणामा फराकिलो संस्थागत विकास गरेको छ। विश्वमै औपचारिक शिक्षाले आयाम बलियो छ । औपचारिक शिक्षाका निम्ति ठुलो लगानी चाहिन्छ। व्यक्ति, परिवार, समाज वा राज्य कुनै न कुनै तवरबाट वा सामूहिक प्रयासको लगानीबाट मात्र औपचारिक शिक्षा सम्भव हुन्छ। संसारभर शिक्षामा लगानीका अनेक स्वरूप देख्न सकिन्छ। विद्यालय तहको शिक्षा राज्यबाट निःशुल्क दिइने अभ्यास लगभग सफल हुँदै छ। निःशुल्कसँगै कतिपय मुलुकमा विद्यालय शिक्षा अनिवार्य पनि हुँदै छ। विकासशील मुलुकमा निःशुल्क र अनिवार्य भएर पनि शतप्रतिशत सफलता हात पार्न सकिएको छैन । त्यसका निम्ति अनेक प्रयास आवश्यक पर्छ। निःशुल्कसँगै थप छात्रवृत्तिसमेत प्रदान गरिन्छ। उच्च शिक्षाका निम्ति त छात्रवृत्ति अति नै उपयोगी हुन्छ। मेधावी विद्यार्थी वा आर्थिक तथा सामाजिक तवरले पछाडि रहेका विद्यार्थीलाई शिक्षा आर्जनमा छात्रवृत्ति अति नै उपयोगी हुने गर्छ। नेपालमा सरकारले छात्रवृत्तिका रूपमा ठुलो रकम खर्च गरिरहेको देखिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चालु आर्थिक वर्ष २०८१/८२ मा मात्र आधारभूत तहदेखि उच्च तहसम्म अध्ययन गर्ने विद्यार्थीका लागि सात अर्ब ३९ करोड रुपियाँ छात्रवृत्तिबापत वितरण गरिरहेको छ। नेपाल जस्तो न्यून राजस्व उठिरहेको मुलुकमा छात्रवृत्तिका निम्ति विनियोजन गरिएको यो बजेट सानो होइन। विद्यार्थीको आर्थिक, भौगोलिक तथा अन्य अवस्था हेरेर सरकारले अनेक प्रकारको शैक्षिक छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ। यसबाट १५ लाख ७१ हजार विद्यार्थी लाभान्वित भएका छन्। आवासीयदेखि गैरआवासीय छात्रवृत्ति वितरण हुँदै आएको छ। छात्रवृत्ति विद्यालय तहदेखि उच्च शिक्षासम्म विस्तार भएको छ। आवासीय छात्रवृत्ति नै कक्षा १ देखि १२ कक्षासम्मका १२ हजार ६५ विद्यार्थीलाई उपलब्ध गराइएको छ। यस प्रयोजनमा ६० करोड ३२ लाख रुपियाँ विनियोजित छ। आवासीय छात्रवृत्ति सबैलाई प्रदान गरिने होइन। अपांगता भएका, मुक्त कमलरी, फिडर छात्रावासमा अध्ययनरत छात्रा, सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्ययनरत छात्रछात्रालगायतलाई आवासीय छात्रवृत्ति प्रदान गरिने व्यवस्था छ। विद्यालय शिक्षाका साथै उच्च शिक्षामा छात्रवृत्तिका रूपमा सरकारको लगानी विस्तारित छ । उच्च शिक्षाको पनि चिकित्सा क्षेत्रमा बर्सेनि सरकारले अर्बौं रुपियाँ छात्रवृत्ति प्रदान गरिरहेको छ। चिकित्सा शिक्षामा छात्रवृत्तिस्वरूप १० हजार ५९४ विद्यार्थी अध्ययनरत छन्। त्यसका निम्ति पाँच अर्ब ११ करोड रुपियाँ बर्सेनि खर्च भएको छ। सरकारले स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई उच्च शिक्षा छात्रवृत्ति प्रदान गरेको छ। यस्तो छात्रवृत्ति विभिन्न शीर्षकमा वितरण गरिएको छ। यसबाट सहिद तथा द्वन्द्वपीडित, मुक्त कमलरी, मुस्लिम महिला, अपांगता भएका विद्यार्थी लाभान्वित छन्। यस्ता विद्यार्थीलाई वार्षिक २४ हजार रुपियाँका दरले छात्रवृत्ति दिइएको छ। साधारण विषयका लागि वार्षिक १५ हजार रुपियाँ र प्राविधिक विषयमा वार्षिक २१ हजार रुपियाँ दिइएको छ। यसरी उच्च शिक्षाका विविध आयामलाई छात्रवृत्तिले समेटेको छ। नियमित उच्च शिक्षासँगै प्राविधिक तथा व्यावसायिक क्षेत्रमा पनि छात्रवृत्ति विस्तार गरिएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा छात्रवृत्ति शीर्षकमा बर्सेनि पाँच करोड ९४ लाख रुपियाँ वितरण भइरहेको छ।

# सामाजिक संरचनाको अन्तर्य

**दिनेश लामा**


दिनेश लामा

आधुनिक विश्व र मानव सभ्यतालाई नै चुनौती दिने यस्ता बर्बरतापूर्ण घटना हाम्रो समाजबाट अझै हट्न सकेको छैन। किन दलित र गैरदलितको प्रेम सम्बन्धलाई समाजले स्वीकार्दैन ? यो मामिलामा किन यातना र हत्यासम्मका घटना बारम्बार दोहोरिरहन्छन् ? दलित र गैरदलितबिचको प्रेम सम्बन्ध किन विवाहमा रूपान्तरण हुन कठिन हुन्छ हाम्रो समाजमा ?

नीति र व्यवहारबिचको बेमेललाई ढोँग भनिन्छ। यस कारण नेपाली समाज पनि ढोँगी छ। यहाँ सिद्धान्त र आदर्शको रटान धेरै गरिन्छ। राज्यले ऐन, कानुन र संहिता निर्माण पनि गर्छ। राजनीतिक दलको प्रतिबद्धतामा कुनै कमी छैन तर पनि नेपाली समाज छुवाछुत, विभेद र विसङ्गतिबाट मुक्त छैन । दलित गैरदलितबिचको विभेद, छाउपडी, बोक्सी तथा दाइजो जस्ता विसङ्गतिपूर्ण प्रथामा समयसापेक्ष परिवर्तन आएको छैन । अन्तरजातीय तथा दलित-गैरदलितबिच हुने प्रेम सम्बन्ध र विवाहको कारण हाम्रो समाजमा पटक पटक अमानवीय एवं अपराधिक घटना भइरहेका हुन्छन्। हालै सर्लाही बरहथवाका सत्येन्द्रकुमार राम (चमार) र नेहा रौनियारको जोडीको पीडादायक कथा र चार वर्ष अगाडिको रुकुम पश्चिमको सोतीमा भएको बर्बरतापूर्ण सामूहिक हत्याकाण्ड यसको ज्वलन्त उदाहरण हुन्। नेपालमा मुलुकी ऐन, २०२० ले छुवाछुतलाई कानुनी रूपमा अन्त गऱ्यो। त्यति मात्र होइन छुवाछुतलाई सामाजिक अपराध र दण्डनीय कार्य भनिएको छ। नेपालको संविधान २०७२ ले यसको दायरा अझ फराकिलो बनाएको छ। संविधानको धारा २४ मा "कुनै पनि व्यक्तिलाई निजको उत्पति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन" भनी किटान गरिएको छ। यस सम्बन्धमा राजनीतिक दलको प्रतिबद्धता पनि कमी छैन । नेपाली कांग्रेसको विसं २००९ मा सम्पन्न पाँचौँ महाधिवेशनको दस्तावेजमा भनिएको छ, ".....छुवाछुत र कुरीतिलाई हटाई पँधेरो र इनारमा तल्लो जाति भनेर कामी, दमाई, सार्की, चमार, मुसहरलाई पानी भर्न नदिने र उनीहरूले फोहोर र अस्वस्थ पानी खानु पर्दा रोगको सिकार भइरहन परेकाले यसमा सरकारले ध्यान दिई स्कुल, कलेज र अड्डा अदालतमा यस्तो छुवाछुतको भेदभाव तुरुन्तै हटाइयोस् ।" आजभन्दा सात दशकअघि यस्तो प्रतिबद्धता गरेको कांग्रेस धेरै पटक सत्तामा पुगे तर नेपाली समाजमा जातीय छुवाछुत र विभेद हटाउन सकेन । २०७४ सालको स्थानीय निर्वाचनमा नेकपा 'एमाले' ले "दलितलाई अवसर र सम्मान : मानवताको सम्मान" भन्ने मूल नारा नै बनायो । उक्त घोषणापत्रमा, "जातीय भेदभाव तथा छुवाछुत उन्मूलनसम्बन्धी सरकारको घोषणालाई सार्थक बनाइने छ । त्यसका लागि प्रधानमन्त्रीको नेतृत्वमा उच्चस्तरीय अधिकारसम्पन्न संयन्त्र निर्माण गरी गुरुयोजना तयार पारिने छ" भनिएको छ। उक्त घोषणापत्र अनुसारको नीति कार्यक्रमको अनुभूति भएको छैन । नेपालमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने भनी माओवादीले १० वर्ष सशस्त्र विद्रोह गरे । जातीय उत्पीडन र विभेदबाट मुक्ति दिलाउने प्रतिबद्धता गरेको सो पार्टी पटक पटक सत्तामा पनि पुगे तर जनताले रूपान्तरणको कुनै अनुभूति गरेका छैनन् । झनै चाखलाग्दो विषय त के छ भने, सोही पार्टीका नेता जनार्दन शर्मालाई सोती घटनामा दलितको विपक्षमा उभिएको आरोप छ। सरसर्ती हेर्दा जातीय छुवाछुत, भेदभाव जस्ता विसङ्गति हटाउन केही पहलकदमी हुँदै आएको देखिन्छ। आधुनिक विश्व र मानव सभ्यतालाई नै चुनौती दिने यस्ता बर्बरतापूर्ण घटना हाम्रो समाजबाट अझै हट्न सकेको छैन । किन दलित र गैरदलितको प्रेम सम्बन्धलाई समाजले स्वीकार्दैन ? यो मामिलामा किन यातना र हत्यासम्मका घटना बारम्बार दोहोरिरहन्छन् ? दलित र गैरदलित बिचको प्रेम सम्बन्ध किन विवाहमा रूपान्तरण हुन कठिन हुन्छ हाम्रो समाजमा ? यसका सामाजिक अन्तर्य र मनोविज्ञानका बारेमा विश्लेषण गर्न जरुरी देखिन्छ। यहाँ यस सम्बन्धमा दुई वटा दृष्टिकोणको बारेमा प्रस्तुत गरिएको छ।

**जात व्यवस्था र कठोर सामाजिक नियमन**

आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले जात व्यवस्थालाई अनुमोदन गर्दै भने, "नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो ।" जङ्गबहादुर राणाको पालामा विसं १९१० मा बनेको नेपालको पहिलो लिखित कानुन मुलुकी ऐनले जात व्यवस्थालाई वैधानिकता प्रदान गऱ्यो । उक्त ऐनले मानिसलाई ब्राह्मण र क्षेत्री (तागाधारी), मतवाली (मासिने र नमासिने) र अछुत (छोइछिटो हाल्नुपर्ने र छोइछिटो हाल्नु नपर्ने) वर्गमा विभाजन गऱ्यो। जसको परिणाम नेपाली समाजमा जातमा आधारित सामाजिक संरचनाको विकास भयो । जातको आधारमा सामाजिक स्तरीकरण र प्रतिष्ठा कायम भयो। समाजमा ब्राह्मण शुद्ध र उच्च जातमा वर्गीकृत भयो। शुद्र/अछुत जसलाई हाल हामी दलित भन्छौँ, समाजमा अशुद्ध जात र समाजको सबैभन्दा तल्लो जातमा स्तरीकरण गरियो । जात अनुसारको सामाजिक भूमिका निर्धारण गरियो । ब्राह्मणले पूजापाठ र धर्मकर्म गर्ने र शुद्रले फोहोर उठाउने, सिनो उठाउने, फलाम तथा छालाको काम गर्ने भूमिका समाजले प्रदान गऱ्यो। वैवाहिक पद्धति पनि सोही अनुसारको कायम भयो। तल्लो जातले माथिल्लो जात र माथिल्लो जातले तल्लो जातकासँग वैवाहिक सम्बन्ध राख्नुलाई सामाजिक अपराधको रूपमा लिइन्थ्यो । यस्तो कार्य गरेमा त्यस्तो व्यक्तिले सामाजिक बहिस्कृत हुनुपर्थ्यो । जातको आधारमा प्राप्त सामाजिक प्रतिष्ठा गुमाउनु पर्थ्यो । जात व्यवस्थाको यस प्रकारको कठोर सामाजिक नियमनको कारण अन्तरजातीय तथा दलित-गैरदलित वैवाहिक सम्बन्ध समाजमा अमान्य भयो । ऐन कानुन जस्तोसुकै क्रान्तिकारी बनाए पनि हालसम्म त्यस प्रकारको सामाजिक संरचना भत्किसकेको छैन। यस कारण दलित-गैरदलित विवाह सामाजिक रूपमा अस्वीकृत हुँदै आयो र यसको प्रभाव नेपाली समाजमा हालसम्म पनि कायम छ।

**सामान्तवादी चिन्तनको प्रभाव**

मार्क्सवादीहरूले वैवाहिक पद्धतिलाई तीन प्रकारका भनी व्याख्या गरेका छन् । उनीहरूका अनुसार सामन्ती समाजमा मागी विवाह, पुँजीवादी समाजमा प्रेम विवाह र समाजवादी समाजमा जनवादी/समाजवादी विवाह हुन्छन् भनेका छन् । खास गरी सामन्तहरूले राज्यव्यवस्था र सैनिकमार्फत उत्पादनका स्रोत र आश्रित श्रममाथि नियन्त्रण गरे । वैवाहिक पद्धतिमा पनि नियन्त्रण नगरे कुनै दिन सामन्ती व्यवस्था कमजोर हुन्छ भन्ने निचोडका साथ उनीहरूले वैवाहिक पद्धतिमा नियन्त्रण गरे । तब मात्र सामन्ती व्यवस्था चिरञ्जीवी हुन सक्थ्यो जब खास-खास तहका सामन्त, खास-खास कुल घरना, खास-खास जातजाति र उपजात-उपजातिभित्र वैवाहिक सम्बन्ध सीमित गर्न सकिन्थ्यो (मिश्र, २०५७) । उत्पादनशील र अन्य सम्पत्तिको पुस्तैनी संरक्षण गर्न, आश्रित श्रममाथि दिगो र पुस्तैनी नियन्त्रण कायम राख्न र मालिक र दासबिचको असमानता अक्षुण्य राख्न 'बराबरी हैसियत' रहेकाहरूबिच नै वैवाहिक सम्बन्ध गाँसिनु अनिवार्य रह्यो। नेपाली समाज पनि हालसम्म यसप्रकारको चिन्तनबाट मुक्त भइसकेको छैन । चाहे नेपाली समाज पुँजीवादमा प्रवेश गरिसकेको होस् या सामन्तवाद र पुँजीवादको दोसाँधमा होस्, सामन्तवादी वैवाहिक पद्धतिमा खासै परिवर्तन आएको छैन । नेपाली समाजमा अधिकांश मागी विवाहको नै प्रचलनमा छ। यसको मतलब केटा र केटीको इच्छाले मात्र विवाह सम्भव हुँदैन । अभिभावकको कुल-घरना, जात-जाति र आर्थिक-राजनीतिक हैसियतका आधारमा विवाहको निक्र्यौल हुन्छ। नेपाली समाजमा अझै अन्तरजातीय र दलित-गैरदलित वैवाहिक सम्बन्ध सहज स्वीकार्य छैन । त्यसका लागि जात व्यवस्थामा आधारित सामाजिक संरचना र सामन्तवादी वैवाहिक पद्धतिमा आमूल परिवर्तन जरुरी छ। आधुनिकतातर्फ उन्मुख आजको समाजले यो खालको व्यवस्थालाई निरन्तरता दिइरहन सक्दैन।

*-गोरखापत्र*

**रोगबाट बच्ने उपायहरू**

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कृषिको समग्र विकासलाई केन्द्रमा राखेर योजना अघि बढाएका छौं: मुख्यमन्त्री आचार्य

नमस्ते समचारदाता
दाङ, फागुन/०४




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले कृषिको समग्र विकासलाई केन्द्रमा राख्दै आवधिक योजनाको प्रस्तावना तयार पारेको बताउनु भएको छ । अखिल नेपाल किसान महासंघ लुम्बिनी प्रदेश समितिले विभिन्न सुझाव समेटिएको ज्ञापनपत्र बुझाउने क्रममा मुख्यमन्त्री आचार्यले कृषिमा यान्त्रिकीकरण, व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउने गरी योजना अघि सारिएको स्पष्ट पार्नु भयो । उहाँले प्रदेशको समृद्धि र विकास कृषिको विकासबाट सम्भव हुने भन्दै किसानको जीवनस्तर उकास्न सरकार योजनाबद्ध रूपमा अगाडि बढेको उल्लेख गर्नु भयो । 'आवधिक योजनामा धेरै बिषय समेटिएका छन् । नसमेटिएका बिषयहरुलाइ थप्छौं' मुख्यमन्त्री आचार्यले भन्नुभयो,'कृषि क्षेत्रबाट प्रदेशको समृद्धि र विकास सम्भव भएकाले यसलाई प्राथमिकताका साथ आवधिक योजनामा समेटेका छौं ।' संघीय सरकारसँग निरन्तरको समन्वयमार्फत सरकारले किसानलाई खेती गर्ने बेलामा रासायनिक मलको अभाव हुन नदिन पहल गरिरहेको मुख्यमन्त्री आचार्यले जानकारी दिनुभयो । साथै, कृषि, स्वास्थ्य, शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै आगामी वर्षको बजेट तयारी भइरहेको बताउनु भयो । यसैबीच, अखिल नेपाल किसान महासंघका केन्द्रीय सचिव तथा लुम्बिनी प्रदेश इन्चार्ज आरती पौडेल र प्रदेश अध्यक्ष महेन्द्र गिरी नेतृत्वको टोलीले प्रदेश सरकारलाई किसानका समस्या बारे ज्ञापनपत्र बुझाएको थियो । महासंघले रासायनिक मल अभाव र इन्धनमा भएको मूल्यवृद्धिले कृषिक्षेत्र, मुलुकको अर्थतन्त्र र आम नागरिकको जीवनस्तरमा गम्भीर प्रभाव परेको भन्दै समयमै समाधानका लागि आग्रह गरेको छ । महंगी, खाद्यान्न संकट, तथा व्यापार घाटाका कारण अर्थतन्त्रमा देखिएको अस्थिरताप्रति महासंघले चिन्ता व्यक्त गरेको छ । दैनिक उपभोग्य सामग्री, पेट्रोलियम पदार्थ, निर्माण सामग्री लगायत वस्तुहरूको मूल्यवृद्धिले उपभोक्तालाई समस्या परेको र आयात-निर्यात असन्तुलनले व्यापार घाटा चरमचुलीमा पुगेको महासंघको भनाइ छ । यस्तो अवस्थामा सरकारले महंगी नियन्त्रण गर्न, पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न र किसानका लागि रासायनिक मलको आपूर्ति सहज बनाउन आग्रह गरेको छ । जमिनको असमान वितरण, अत्यधिक खण्डीकरण, परम्परागत खेती प्रणाली, न्यून उत्पादकत्व, सिँचाइ सुविधाको अभाव, व्यवसायिकरणको अभाव, सहुलियतपूर्ण कृषि ऋणको अभाव, व्यवस्थित कृषि बजारको कमी, उत्पादनको लाभकारी मूल्य नहुनु, जैविक विविधताको संरक्षणको कमी जस्ता समस्यालाई समाधान गर्न आग्रह गरेको हो । कृषि सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्न पूर्वाधार निर्माण, प्रतिस्पर्धी कृषि प्रणालीको विकास, ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना, किसानका लागि जीवनस्तर उकास्ने कार्यक्रम, बसाइँसराइ रोक्ने नीति, खाद्य सुरक्षा सुनिश्चित गर्ने उपाय र विश्वव्यापीकरण तथा उदारीकरणका कारण कृषिमा देखिएका समस्याको समाधान गर्न आवश्यक नीति अवलम्बन गर्नुपर्ने महासंघको माग छ । विशेषगरी, गुणस्तरीय मल समयमै उपलब्ध गराउने, इन्धनको मूल्यवृद्धि घटाउने, किसानलाई आवश्यक पर्ने सुविधाहरू सहज उपलब्ध गराउनेजस्ता विषय तत्काल सम्बोधन गर्नुपर्ने महासंघले जोडदार माग गरेको छ ।

# 'माणौ' मासेर सिमेन्टका मन्दिर निर्माण

नमस्ते समचारदाता
बैतडी, फागुन/०४



स्थानीय तह र प्रदेश सरकारले ठुलो बजेट खर्च गरेर सिमेन्टका मन्दिर बनाउँदा पुरातात्त्विक सम्पदाका रूपमा रहेका माणौ (मार्डौं) को अस्तित्व सङ्कटमा परेको छ। यहाँका प्रसिद्ध भगवतीका माणौमध्येको एक डडेलधुरा जिल्लामा रहेको उग्रतारा भगवतीमा सिमेन्ट र कङ्क्रिटको प्रयोग गरेर गरेपछि पुरातत्व विभागले सम्पदा सूचीबाट हटाइसकेको छ। स्थानीय तह र प्रदेश सरकारले भने जिल्ला र गाउँ गाउँमा बजेट खर्च गरेर सम्पदा मास्ने अझै काम रोक्न सकेका छैनन्। उग्रताराको कङ्क्रिट हटाई पुरानो स्वरूप दिन पुरातत्व विभागले आर्थिक वर्ष २०७९/८० मा एक करोड ६२ लाख रुपियाँ विनियोजन गरेर बोलपत्र आह्वान गर्दा कबोल गर्न कोही आएनन्। बजेट फ्रिज भएपछि उग्रताराले पुनारो स्वरूपमा पाउन सकेको छैन। स्थानीय कालिगडले ढुङ्गा र काठको प्रयोग गरेर निर्माण गरेको उग्रतारालाई पुरातत्व विभागले विसं २०४१ सालमा सम्पदा सूचीमा सूचीकृत गरेको थियो। उग्रताराको तस्बिर अङ्कित हुलाक टिकटसमेत जारी भएको थियो। स्थानीयले विभागलाई कुनै जानकारी नगराई माणौमा कङ्क्रिटको प्रयोग गरेपछि विभागले विसं २०५४ सालमा सम्पदा सूचीबाट हटाएको हो। यो विषयलाई सुदूरपश्चि प्रदेश सरकारले गम्भीर रूपमा लिएको देखिएन। बरु यस्तै त्रुटि दोहोऱ्याएर विभिन्न जिल्लामा माणौको स्वरूप बिगार्ने बजेट विनियोजित गर्दै आएको छ। पर्यटन शीर्षक अन्तर्गत पाँच वर्षमा प्रदेशका नौ जिल्लामा ८१३ वटा मन्दिर निर्माण भएका छन्। यी योजना निर्माण गर्दा सम्बन्धित कार्यालयका इन्जिनियरले पुराना कालिगडलाई खबर नै नगरेको ९० वर्षीय कालिगड अन्तराम वडले बताउनुभयो। माणौमा काठको खोल्देली, स्लेट वा ताम्रपत्रको छानो, कटुवा ढुङ्गा (वास्तु) को प्रयोग र काठको कालो खाम हुने गरेको उहाँले बताउनुभयो। पछिल्लो समय माणौ मासेर सिमेन्टका मन्दिर निर्माण गरी कालो खामको बदलामा सिमेन्टकै गेट बन्न थालेको गुनासो गर्नुभयो। सुदूरपश्चिम प्रदेश सरकारले मात्रै बितेका पाँच वर्षमा मन्दिर निर्माण गर्न एक अर्ब पाँच करोड २१ लाख रुपियाँ खर्च गरेको प्रदेश सरकारको तथ्याङ्कमा छ। सो रकममध्ये ८२ करोड खर्च भइसकेको छ। चालु आव २०८१/८२ मा थप २३ करोड २१ लाख रुपियाँ खर्च गर्ने लक्ष्य राखिएको छ। बैतडीमा मात्रै डिभिजन वन कार्यालयमार्फत जिल्लाभर ५९ वटा सिमेन्टका मन्दिर बनाइएको छ। पर्यटन प्रवर्धन शीर्षकका सिमेन्टका संरचनामा १० करोड ५७ लाख रुपियाँ खर्च भएको डिभिजन वन कार्यालय बैतडीको तथ्याङ्कमा उल्लेख छ। स्थानीय र प्रदेश सरकारले पर्यटक घुमाउने नाममा माणौको मौलिकता मासेर सिमेन्ट र कङ्क्रिट प्रयोग गरी बजेट सक्ने काम गरेको नेपाल टुर एन्ड ट्राभल एसोसिएसन धनगढीका अध्यक्ष माया प्रकाश भट्टले गुनासो गर्नुभयो। सिमेन्टको प्रयोगले सुदूरपश्चिमका माणौको मौलिकता समाप्त हुने अवस्था देखिएको पुरातात्त्विक विभागका अधिकृत राजेश परियारले बताउनुभयो। उहाँले प्रसिद्ध वनारसीधाममा सिमेन्टको प्रयोग नगर्न सुझाव दिएर फर्केको बताउनुभयो। प्रदेश र स्थानीय सरकारले पनि पुरातात्त्विक सम्पदाको ख्याल गर्नुपर्ने उहाँको भनाइ छ। स्थानीय र प्रदेश सरकारमातहत विभिन्न शाखा, उपशाखा भए पनि पुरातत्वसम्बन्धी विषय हेर्ने शाखा स्थापना हुन सकेका छैनन्।

# आयोजना बैंक बनाएपछि लगानी सम्मेलन

नमस्ते समचारदाता
सुर्खेत, फागुन/०४




प्रदेश सरकारले 'आयोजना बैङ्क' निर्माण गरेर मात्र लगानी सम्मेलन गर्ने भएको छ। यसअघि आवश्यक तयारी र प्रक्रिया पूरा नहुँदा लगानी सम्मेलन हुन सकेको थिएन। बेला बेला भइरहने सरकार फेरबदल र योजना आयोगले पूर्णता नपाउँदा लगानी सम्मेलन अन्योलमा पर्दै आएको थियो। यो पटक भने लगानी सम्मेलनका लागि केही आधार निर्माण गरेर मात्र सम्मेलनको मिति तय गर्ने सरकारले जनाएको छ। आयोजना बैङ्क निर्माण गर्ने र त्यसै अनुरूप लगानी सम्मेलन गर्ने गरी तयारी भइरहेको जनाइएको छ। अहिले आयोजना बैङ्कको कार्यविधि निर्माणको काम भइरहेको प्रदेश योजना आयोगले जनाएको छ। लगानी सम्मेलनबारे यसअघि भएका काम र आयोजनाको सुनिश्चित गरेर मात्र सम्मेलन गर्ने तयारी भएको प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले बताउनुभयो। यसअघिको योजना आयोगले समेत केही तयारी गरेको थियो। सोहीबमोजिम काम अघि बढाउन लागिएको हो। तयारी पूरा गरेर मात्र सम्मेलनको मिति तय गर्ने गरी योजना आयोग लागिरहेको उहाँको भनाइ छ। यसअघि भएका अभ्यास हेर्दा तयारी नहुँदा काम हुन सकेको थिएन। सम्मेलनका केही आधार तय गरेर मात्र काम अघि बढाउन लागिएको उपाध्यक्ष योगीले जानकारी दिनुभयो।

**हुन नसकेको लगानी सम्मेलन**

यसअघि प्रदेश सरकारले विभिन्न समयमा लगाानी सम्मेलन गर्ने गरी तयारी थालेको थियो तर सरकारको योजना कार्यान्वयन भएको थिएन। अन्तिम पटक निवर्तमान मुख्यमन्त्री राज कुमार शर्मा नेतृत्वको सरकारले गत वैशाखमा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएको थियो। वैशाख १९ र २० गते प्रदेश राजधानी वीरेन्द्रनगरमा सम्मेलन गर्ने तयारी थालिएको थियो। सम्मेलनको तयारीका लागि मुख्यमन्त्रीको नेतृत्वमा निर्देशक समिति र अन्य विभिन्न उपसमिति गठन गरिएको थियो। आर्थिक, सामाजिक र सुशासन समितिसमेत गठन गरेर काम अघि बढाइएको थियो। प्रदेश योजना आयोगले वैशाख १९ र २० गते लगानी सम्मेलन गर्ने गरी प्रदेश सरकारलाई कार्ययोजना प्रस्ताव गरेको थियो। उक्त प्रस्तावलाई मन्त्रीपरिषद् बैठकले स्वीकृतसमेत गरेको थियो। २०८० माघ २८ गते बसेको मन्त्रीपरिषद्को बैठकले वैशाख १९ र २० गते कर्णाली प्रदेश लगानी तथा विकास सम्मेलन गर्ने निर्णय गरेको थियो। दुई पटक लगानी सम्मेलनको योजना विफल बनेको थियो। त्यतिबेला धेरै कामसमेत अघि बढिसकेको अवस्थामा सरकार फेरबदलले गर्दा सम्मेलन अन्योल बनेको थियो। यस पटक भने सरकारले लहडमा भन्दा पनि तयारी पूरा गरेर मात्र लगानी सम्मेलन गर्ने तयारी गरेको छ। हचुवाको भरमा सम्मेलनको मिति तय गर्दा दुविधा उत्पन्न भएको भन्दै तयारी पूरा गरेर मात्र मिति तय गर्न लागिएको हो।

**पूर्वाधार विकासमा लगानी बढाउन बहस**

पूर्वाधार विकासमा लगानी बढाउन बहस गरिएको छ। सार्वजनिक-निजी साझेदारी सम्बन्धी प्रादेशिक रूपमा बहस गरिएको हो। कर्णालीमा लगानीमैत्री वातावरण नहुँदा ठुला पूर्वाधार निर्माणका आयोजना अध्ययनमै सीमित भएका छन्। २३ हजार मेगावाट विद्युत् उत्पादन गर्न सक्ने क्षमता भएको प्रदेशमा हालसम्म १६ मेगावाट मात्र विद्युत् उत्पादन भएको छ। लगानीमैत्री वातावरण नहुनु, आयोजना सञ्चालन लागि आवश्यक पूर्वाधार अभावलगायतले ठुला आयोजना सञ्चालन हुन सकेका छैनन्। सार्वजनिक-निजी साझेदारीमा भूगोल सुहाउँदो लगानी गर्नुपर्ने, प्रदेश सरकारले लगानीमैत्री वातावरण निर्माण गर्नुपर्ने र निजी क्षेत्रलाई समेट्नुपर्नेमा जोड दिइएको छ। कर्णालीमा लगानी गर्न निजी क्षेत्र उत्साहित देखिँदैनन्। धेरै जसो ठुला आयोजना अलपत्र अवस्थामा छन्। प्रदेश सरकारले परियोजना बैङ्क स्थापना गरेर ठुला आयोजना सञ्चालन गर्न लागेको आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बताउनुभयो। पूर्वाधार क्षेत्रका सम्भावना पहिचान गरेर सोही अनुरूप काम गर्ने नीति सरकारले निर्माण गरेको उहाँको भनाइ थियो। कर्णाली प्रदेश सबैभन्दा बढी सम्भावना बोकेको प्रदेश भएकाले जलविद्युत्मा लगानी बढाउन निजी क्षेत्रसँगको सहकार्य अघि बढाउन लागिएको शाहले जानकारी दिनुभयो।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# खानेपानीको हाहाकार

नमस्ते समचारदाता
जाजरकोट, फागुन/०४



भूकम्पका कारण यहाँका ग्रामीण बस्तीमा खानेपानीको हाहाकार भएको छ। नलगाड नगरपालिका-५ स्थित ऐरारी, लबिसा, गर्छिन, पोखरा, खन्टाकुरा टोलका सर्वसाधारणले बर्सौंदेखि प्रयोग गरेका मुहान भूकम्प र सडक निर्माणका कारण भासिएपछि गाउँबस्तीमा खानेपानीको समस्या भएको हो। वातावरणीय प्रभाव मूल्याङ्कन (डिपिआर) नगरी हचुवाका भरमा खनिएका सडकले सुक्दै गएका पानीका मुहान गत वर्ष कात्तिक १७ को भूकम्पले झनै भासिएपछि धारामा पानी आउन छाडेको छ। भूकम्प गएको १५ महिना बितेको छ। लामो समय खानेपानीको हाहाकार हुँदा पनि सरोकारवाला निकाय, स्थानीय सरकारलाई कुनै चासो छैन। नलगाड नगरपालिका-५ का प्रेम बहादुर शाहीका अनुसार नगरका विभिन्न गाउँबस्तीमा आउने पानीका मुहान सुकेपछि आधा घण्टा हिँडेर पालो पर्खिएर पानी ल्याउनुपर्ने अवस्था छ। गाउँबस्तीमा आउने पानीका मुहान सुकेपछि खानेपानीको हाहाकार हुनुका साथै पानी लिन घण्टौँ पालो पर्खिनुपर्ने बाध्यता छ। ग्रामीण बस्तीलाई सडक सञ्जालमा जोड्न खानेपानीका मुहानमा क्षति पुग्ने गरी डिपिआर नगरी हचुवाका भरमा सडक खनेपछि पानीका मुहान सुकेका छन्। नलगाड नगरपालिका-५ को ऐरारी, लबिसा, गर्छिन, पोखरा, खन्टाकुरा गाउँबस्तीका करिब दुई सयभन्दा बढी घरधुरीले गाउँमा ल्याएको पानीका मुहान सुकेपछि खानेपानीको समस्या भएको छ। ऐरारी गाउँमा दुई किलोमिटर टाढाबाट ल्याइएको पञ्चासेको मुहान सुकेपछि ५० घरधुरीले लेखी खोरियाको पानी पालो पर्खेर ल्याउने गरेका छन्। नलगाड नगरपालिका-५ का दिल बहादुर वलीले माझगाउँबाट आएको पानी सुकेपछि गाउँदेखि मुनिको मुहानमा गाग्री बोकेर पालो पर्खी पानी ल्याउने गरेको बताउनुभयो। गाउँदेखि माथिको खानेपानी सडक खन्दा मुहान भासिएको र पानीको ट्याङ्की सडक खनेको माटोले पुरिएपछि करिब ५० घरधुरीलाई पानीको सङ्कट भएको छ। घरआँगनमै आउने पानी सुकेपछि पशुवस्तुलाई पनि टाढाबाट गाग्रीमा बोकेर खुवाउनुपर्ने बाध्यता छ। नलगाड नगरपालिका-५ की शारदा वलीले पानी ल्याउँदा बालबालिकाको पढाइ छुट्ने गरेको बताउनुभयो। उहाँले गाउँबस्तीमा खानेपानीको समस्या समाधानका लागि स्थानीय सरकारले पहल गर्नुपर्ने आग्रह गर्नुभयो। चैत वैशाखको खडेरीमा पानीको समस्या अझ बढ्ने देखिएको छ।

# लुम्बिनी प्रदेशसभाबाट दुई विधेयक सर्वसम्मतिले पारित




नमस्ते समचारदाता
बाँके, फागुन/०४

लुम्बिनी प्रदेशसभाको आइतबार बसेको बैठकले दुई वटा विधेयक पारित गरेको छ। पाँचौँ अधिवेशनको दशौँ बैठकले "लुम्बिनी अनुसन्धान प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक'' र "प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सर्वसम्मतिले पारित गरेको हो। बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी अनुसन्धान प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको प्रतिवेदन सहितको विधेयक प्रदेशसभामा प्रस्तुत गर्नुभएको थियो। सभामुख तुलाराम घर्ति मगरले निर्णयार्थ प्रस्तुत गरेको उक्त विधेयकलाई प्रदेशसभाले सर्वसम्मतिले पारित गरेको हो। यसैगरी, प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि मुख्यमन्त्री आचार्यले प्रदेशसभामा प्रस्तुत गर्नुभएको थियो, जसलाई बैठकले सर्वसम्मतिले पारित गरेको छ। आजै बसेको पहिलो बैठकको विशेष समयमा प्रदेशसभा सदस्यहरूले किसानलाई रासायनिक मल उपलब्ध गराउन, गत वर्षको आर्थिक दायित्व अविलम्ब भुक्तानी गर्न, चालु आर्थिक वर्षका योजनाहरू समयमै सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराएका थिए।

# हिउँमा दुई दिन हिंडेर वडाध्यक्षसहित स्थानीय सदरमुकाममा

नमस्ते समचारदाता
हुम्ला, फागुन/०४



नाम्खा गाउँपालिका-६ को हिमालपारीको गाउँ लिमीका वडाध्यक्ष पाल्जोर तामाङ सहित स्थानीय नारा लेकमा जमेको हिउँमा हिँड्दै सदरमुकाम सिमकोट पुग्नुभएको छ। व्यक्तिगत र सरकारी कामका लागि उहाँहरू लिमीबाट नारा लेकसम्म घोडामा चढेर र त केही पैदल हिँडेर सिमकोट आई पुग्नुभएको हो। वडाध्यक्ष तामाङले लिमीबाट दुई दिनमा सदरमुकाम सिमकोट आई पुगेको बताउनुभयो। यो समय लिमीबाट हिँडेर सिमकोट आउनसक्ने अवस्था हुँदैन थियो। यसवर्ष हिमपात कम भएको कारण नारामा कम हिउँ जमेको कारण हिँडेर आउन सम्भव भएको उहाँले बताउनुभयो। बालबालिका र ज्येष्ठ नागरिकलाई भने तेह्र वटा घोडामा नारा लेकसम्म ल्याइएको थियो। नारा लेकमा एकदेखि दुई फिट जमेको हिउँ छिचोल्दै उहाँको टोली यारीको ठाडा ढुङ्गासम्म आएको थियो। नारा लेक चार हजार ६७० मिटर अग्लो उचाइबाट पार गरेर पुग्नुपर्छ। त्यहाँबाट भने बोलेरो जीपमा सिमकोट आई पुग्नुभएको हो। लिमीबाट सिमकोट आउने ४४ जना लिमीका बासिन्दा हुनुहुन्थ्यो। उहाँले नारा लेकमा केही मौसम बिग्रेको कारण समस्या भए पनि अन्य त्यस्तो दुःख भने नभएको उहाँले बताउनुभयो। जसमा लिमीको हल्जी गुम्बाका लामादेखि पुजारी आउनु भएको छ। खाना भने घरबाटै तयार पारेर ल्याउनु भएको थियो। वडाध्यक्ष तामाङले आफू काठमाडौँसम्म जाने बताउनुभयो। अन्य व्यक्ति काम विशेषले सिमकोट आउनुभएको हो।

# भिरबाट लडेर महिलाको मृत्यु

नमस्ते समचारदाता
बैतडी, फागुन/०४

घाँस काट्ने क्रममा भिरबाट लडेर बैतडीमा एक महिलाको मृत्यु भएको छ। जिल्लाको सुर्नया गाउँपालिका ४ डबराली टाकका केशव सिंह महराकी श्रीमती २३ वर्षीया दिपा बोहरा महराको भिरबाट लडेर मृत्यु भएको हो। आइतबार दिउँसो २ बजेको समयमा सोही वडाको जयसिंया भिरबाट घाँस काट्ने क्रममा लडेर महराको घटनास्थलमै मृत्यु भएको मृतकका आफन्त एवं सुर्नया गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख राम सिंह महराले जानकारी दिनुभयो। घाँस काट्ने क्रममा लडेकी महरा अन्दाजी तीन सय मिटर तल खस्नुभएको थियो। उहाँको टाउको र खुट्टामा गम्भिर चामेट लागेको घटनास्थलमा र हनुभएका स्थानीय प्रताप महराले बताउनुभयो। उहाँका अनुसार मृतक महराका श्रीमान रोजगारीको सिलसिलामा भारतमा हुनुहुन्छ भने घरमा ८ महिने छोरा छन्।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला


# बेमौसमी तरकारीका लागि हरितगृह निर्माण

नमस्ते समचारदाता
जुम्ला, फागुन/०४



जुम्लाको तातोपानी गाउँपालिका -२ का स्थानीयले बेमौसमी तरकारी उत्पादन गर्न गाउँपालिकाको समन्वयमा निर्माण गरेको हरितगृह। पेस नेपाल जुम्लाको कृषि खाद्य प्रणालीका लागि नवीकरणीय ऊर्जा परियोजनाले यहाँ २८ वटा हरितगृह बनाएको छ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके